म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७२ बुधबार २४ असोज २०८० ने. सं. ११४३ ञलगा 11 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## क्रेनले किच्दा सहचालकको मृत्यु

हेटौंडा, २३ असोज/मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१० कर्राचोक नजिकै क्रेनले किच्दा सोही क्रेनका सहचालकको मृत्यु भएको छ ।

मंगलबार दिउँसो प्रदेश २-०३००१ क २०२४ नम्बरको क्रेन ब्याक गर्ने क्रममा क्रेनले किच्दा सहचालक पर्साको वीरगञ्ज महानगर-३० लालपर्सा बस्ने २८ वर्षीय सानबाबु पासवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । क्रेनले किच्दा गम्भीर घाइते भएका पासवानको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । क्रेन र क्रेन चालक प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

### जिल्ला प्रशासनमा सर्वपक्षीय बैठक

# मकवानपुरमा चाडपर्वमा भाडा बढाए कारबाही, टाइम कार्ड लागू गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मंगलबार बसेको सर्वपक्षीय बैठकले आउँदै गरेको चाडपर्व दशैं, दीपावली र छठ पर्वलाई व्यवस्थित गर्न विभिन्न निर्णय गरेको छ ।

प्रमुख जिल्ला अधिकारी (सिडिओ) सूर्यप्रसाद सेढाईले चाडपर्वमा शान्तिसुरक्षा र नागरिकको सहज जीवनयापनमा निर्वाह गर्नुपर्ने सबै तहको भूमिकाबारे सहजीकरण गर्न सर्वपक्षीय बैठक डाकेका थिए । प्रमुख जिल्ला अधिकारी सेढाई, प्रहरी प्रमुख सीताराम रिजाल, हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपाने, हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, जिल्लास्थित गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु, नारायणी यातायात व्यवसायी संघका निवर्तमान अध्यक्ष बद्री चौलागाईं लगायत सरोकारवालाको उपस्थितिमा चाडपर्व लक्षित विभिन्न योजनाहरुमा छलफल गरिएको हो ।

सर्वपक्षीय बैठकले जिल्लाभित्र निरन्तर सवारी सञ्चालन हुने सडकको स्तरीकरण, हेटौंडा बजार क्षेत्रभित्र व्यवस्थित पार्किङको व्यवस्थापन, गाडी भाडा, प्रहरीको सुरक्षाको विषयमा छलफल भएको हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी सेढाईंले बैठकलाई सम्बोधन गर्दै चाडपर्वको मौका छोपेर सवारी साधनको भाडावृद्धि गरेको पाइए कडा कारबाही गर्ने बताएका छन् । उनले चाडपर्वमा कुनै ढंगबाट पनि



भाडा बढाउन नपाइने र नदिने बताएका हुन् ।

हेटौंडा-काठमाडौं आवतजावत गर्ने टाटासुमो, हेटौंडाबाट जिल्लाभित्र लामो दुरीको सवारीसाधनले चाडपर्वमा हरेक वर्ष भाडा बढाउने गरेका छन् । यात्रुहरुको ढाड सेक्ने गरी यातायात व्यवसायीले भाडावृद्धि गरेपनि विगतका चाडपर्वमा नियमनकारी निकायले प्रभावकारी कारबाही गर्न सकेका थिएनन् । चाडपर्वमा हेटौंडा-काठमाडौं आवतजावत गर्ने यात्रुहरु दैनिक ठगिने गरेको गुनासो धेरै छन् । यात्रुको चापअनुसार टाटासुमोको कृतिम अभाव गराएर पनि भाडावृद्धि गराउँदै आइरहेको घटना प्रशासन र प्रहरीलाई जानकारी भएपनि पर्याप्त प्रमाण नहुँदा कारबाहीमा समस्या थियो ।

बजारको मेनरोडमै टाटासुमो काउन्टरहरु रहेको सम्बन्धमा प्रशासनले 'वनकल' मा अन्यन्त्र स्थानमा व्यवस्थापन गर्ने तयारी गरेको छ । प्रशासनले हेटौंडा-चितवन सडक खण्डमा टाइमकार्ड लागूगर्ने भएको छ । चाडपर्वमा पूर्व-पश्चिम राजमार्ग अन्तर्गत् हेटौंडा-चितवन खण्डमा धेरै दुर्घटना हुने गरेका छन् । सम्भावित दुर्घटनालाई न्यूनीकरण गर्न प्रशासनले टाइम कार्ड लागू गर्न लागेको उपमहानगरका प्रवक्ता न्यौपानेले जानकारी दिए । प्रशासनले जिल्लास्थित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र सरोकारवाला निकायलाई सडक सरसफाई गरेर सवारीसाधन सञ्चालनमा सहजता ल्याउन निर्देशन नै दिएको छ ।

सीमाचोकदेखि बाइपाससम्मको मेनरोड क्षेत्रमा पार्किङ गरिराखेका सवारीसाधनलाई रानी दरबार अगाडिको खाली जग्गामा पार्किङका लागि व्यवस्थापन गर्ने निर्णय भएको छ । चाडपर्वमा यात्रुहरुको चाप धेरै हुने भएकाले सडकमा अलपत्र यात्रुको अस्थायी व्यवस्थापन गर्न खर्चको जोहो मिलाउन स्थानीय तहलाई बैठकले अनुरोध गरेको छ । निर्माणाधीन भैंसे-भीमफेदी खण्डमा पुलहरु निर्माण भइरहेकाले चाडपर्व पछि मात्रै सुरु गर्न बैठकले सुझाव दिएको छ । जिल्लाभित्र विभिन्न सडकहरु मर्मत भइरहेकाले सम्भावित विपदजन्य अवस्थाको मध्यनजर गर्दै उद्दार सामग्री र हेभी इक्युपमेन्टहरु स्ट्याण्डबाई राख्ने निर्णय सर्वपक्षीय बैठकले गरेको उपमहानगरका प्रवक्ता न्यौपानेले जानकारी दिए ।

#### "चाडपर्वमा शान्ति सुरक्षालाई मजबुद बनाउछौं"

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले चाडपर्वमा शान्तिसुरक्षालाई मजबुद बनाउने कार्य अगाडि बढेको बताएका छन् ।

चाडपर्व लक्षित सुरक्षाका लागि प्रहरी परिचालन भइसकेको र चाडपर्वमा हुन सक्ने सम्भावित दुर्घटना, चोरी, डकैती, कुटपिट लगायतका घटना नियन्त्रण गर्न मकवानपु प्रहरीले विशेषसुरक्षा योजना बनाएको रिजालले बैठकमा जानकारी गराएका छन् । सुरक्षा व्यवस्थापनका लागि जिल्लाका १० वटै स्थानीय तहमा प्रहरी खटिने छन् । जसमध्ये सबैभन्दा धेरै प्रहरी हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिकामा खटिने छन् ।

एसपी रिजालको कमाण्डमा जिल्लाभर १० जना, प्रहरी नायव उपरीक्षकको कमाण्डमा २० जना, प्रहरीनिरीक्षकको कमाण्डमा १५ जना, जुनियर प्रहरी अधिकृतको कमाण्डमा ६४ जना प्रहरीहरु खटिने रिजालले बताए । मकवानपुर प्रहरी प्रमुख एसपी रिजालले चाडपर्व लक्षित केही सुरक्षा योजनाहरु आइतबारबाटै कार्यान्वयन भइसकेको जानकारी दिए । मकवानपुर प्रहरीले चारवटा यात्रु सहायकता कक्ष स्थापना गरेको छ । हेटौंडा-१४ रातोमाटेमा एम्बुलेन्ससहितको यात्रु हेल्प डेस्कको स्थापना गरेको जनाएको छ । हेटौंडा-११ थानाभन्याङमा चालक निगरानीको लागि अस्थायी रिफ्रेससेन्टरको स्थापना गरेको प्रहरीले जनाएको छ ।

सुरक्षा नाका, अस्पतालका बिरामी रेफर, लामो दूरी सवारी जाँच, यात्रु सहायता कक्षजस्ता सुरक्षाकार्यमा प्रहरी खटाइएको एपसी रिजालले बताए । एसपी रिजालले चाडपर्वको समयमा यात्रुसँग बढी भाडा असुल गर्ने र विचौलियालाई कडा कारबाही गर्ने प्रतिबद्धता जनाए । राज्यले तोकेकोभन्दा बढी भाडा लिने र कालोबजारी गर्नेलाई हदैसम्मको कारबाही गर्ने उनले बताएका हुन् । उनले रुट परमिटका कारण धेरै सवारी चाडपर्वको समयमा दुर्घटना हुनेगरेको जानकारीमा आएकाले त्यसलाई कसरी 'कन्ट्रोल' गर्ने ? भन्ने विषयमा योजना बनाइने बताए ।

# बागमती प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य

## विवादास्पद चिठ्ठा विधेयक थन्कियो

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ प्रदेशप्रमुख यादवचन्द्र शर्माले पुन: विचारलाई भन्दै फिर्ता पठाइदिएको चिठ्ठा विधेयक पुन: पारित गराउने असफल प्रयासका बीच बागमती प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य भएको छ ।

माओवादी केन्द्रका नेता शालिकराम जम्कट्टेल नेतृत्वको बागमती सरकारले वर्षे अधिवेशनभित्रै विवादास्पद चिठ्ठा विधेयक फेरि पारित गराएर प्रमाणीकरणका लागि प्रदेशप्रमुख शर्मासमक्ष पठाउने योजना बनाएको थियो । १५ असोजको प्रदेशसभा बैठकमा प्रदेश सरकारले यसअघि ल्याएको विवादास्पद चिठ्ठा विधेयक 'चोर बाटो'बाट पुनर्विचारको लागि प्रस्ताव प्रस्तुत गर्न खोजेपछि सोमबारको प्रदेशसभा बैठकमा प्रतिपक्षी सांसदहरुले विरोध गरेका थिए । प्रदेश सांसदहरुको विरोधका कारण प्रदेशसभामा हंगामा भएको थियो ।

मंगलबार मध्यरात १२ बजेदेखि चालू वर्षे अधिवेशन अन्त्य भएपछि चिठ्ठा विधेयक प्रदेशसभामै थन्किएको छ । बागमती प्रदेशप्रमुख शर्माले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्बाट सिफारिस भई आएको प्रदेशसभाको १२ औं वर्षे अधिवेशन बैठक मध्यराति १२ बजेदेखि अन्त्य गरेका छन् । मन्त्रिपरिषद्बाट मंगलबार नै अधिवेशन अन्त्य गर्ने निर्णय भएर प्रदेशप्रमुख शर्माकोमा पुगेको थियो । बागमती प्रदेशसभाको पहिलो बैठक २०७९ पुस १८ गते बसेको थियो ।

प्रदेशसभाको गत जेठ ९ मा आह्वान गरिएको चालू अधिवेशनमा प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट पास गर्नुका साथै केही विधेयकहरु पारित गरेको छ । अधिवेशनमा




३८ वटा बैठकहरु सञ्चालन भएका छन् । ३८ वटा बैठकले एक ध्यानाकर्षण प्रस्ताव र एक संकल्प प्रस्ताव समेत पारित गरेको थियो । यसैगरी, वर्षे अधिवेशनभित्र अर्थसम्बन्धी २ वटा विद्येयकसहित ४ वटा विधेयक पारित गरिएको छ । बैठकमा आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० सहित प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक र प्रदेश संचारमाध्यम व्यवस्थापन ऐन २०७५ लाई व्यवस्थापन ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरेको हो ।

वर्षे अधिवेशनको बैठकमा ७ वटा विधेयकहरु दर्ता भएका थिए । जसमध्ये ३ वटा विधेयक संसदीय समितिमा छलफलका क्रममा रहेका छन् । संसदीय समितिमा प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन २०५७ लाई संशोधन गर्न बनेको विधेयक, विज्ञान, प्रविधि, नवप्रवर्तक तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलका क्रममा रहेका छन् ।

संसद् सचिवालयमा प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भने विचाराधीन अवस्थामा रहेको छ । प्रदेशप्रमुख कार्यालयबाट पुन: विचारका लागि फिर्ता भएको विवादित चिठ्ठा विधेयक सचिवालयमा विचाराधीन अवस्थामा रहेको हो । प्रदेशसभाको आगामी अधिवेशनमा प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पुन: विचारका लागि प्रस्ताव प्रस्तुत हुने सम्भावना भने छ । तर, चिठ्ठा विधेयक पुन: प्रस्तुत गर्न सरकार पक्षलाई सहज भने देखिँदैन ।

प्रदेशप्रमुख शर्माले ७ जेठ २०८० मा चिठ्ठा विधेयक पुन:विचार हुन आवश्यक रहेको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता पठाइदिएका थिए । चिठ्ठा विधेयक १२ वैशाख २०८० मा बसेको प्रदेशसभा बैठकबाट पारित भई प्रमाणीकरणका लागि प्रदेशप्रमुख कार्यालयमा पठाइएको थियो । चिठ्ठा विधेयक 'कालो धनलाई, सेतो बनाउन' प्रयोग हुने आशयको सन्देशसहित प्रदेशप्रमुख शर्माले प्रदेशसभामा फिर्ता पठाएका थिए ।

लामो समयदेखि प्रदेशसभामै थन्किएको चिठ्ठा विधेयक पुन: पारित गरेर प्रमाणीकरणका लागि प्रदेशप्रमुखकोमा पठाउने सरकारको तयारी थियो । विधेयक सच्चिएर प्रदेशसभा पुन: गएको थिएन ।

# हेटौंडा उपमहानगरका कर्मचारीद्वारा पेन डाउन



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ संघीय निजामति सेवा ऐन संसद्बाट पारित हुनुपर्ने माग गर्दै हेटौंडा उपमहानगरपालिकामा कार्यरत कर्मचारीले मंगलबार धर्ना दिएका छन् । कर्मचारीले पेन डाउन गर्दै उपमहानगरपालिकाको कार्यालय परिसरमा धर्ना दिएका हुन् ।

ऐन नबन्दा सबैभन्दा पीडित आफूहरू बन्नुपरेको भन्दै कर्मचारीहरुले धर्ना दिएका हुन् । उपमहानगरपालिका र वडा कार्यालयमा अत्यावस्यक बाहेकका सबै काम ठप्प पारिएको उपमहानगर पालिका संघर्ष समितिका अध्यक्ष लक्ष्मण मैनालीले जानकारी दिए । गत असोज १३ गतेको भेलाले स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समिति बनाएरै आन्दोलनमा जाने निर्णय गरेको र सोही निर्णय बमोजिम निरन्तर रुपमा आफ्ना मागहरु पुरा गर्नका लागि दवाव दिने क्रममा पेन डाउन गरिएको हेटौंडा उपमहानगरपालिकाका लेखा अधिकृत केशव हुमागाईंले बताए ।

स्थानीय तहका कर्मचारीले २० बुँदे माग अघि सारेका छन् । उनीहरुले ऐनको नाम नै परिवर्तन गर्नुपर्ने, संघीय निजामती सेवा ऐनको सट्टा एकीकृत निजामती सेवा ऐन राख्नुपर्ने, संघ, प्रदेश र स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीहरुलाई निजामतीको परिभाषाभित्र समेट्नु पर्ने, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था गर्नुपर्ने, तीनवटै तहमा तहगत प्रणाली लागू गर्नुपर्नेलगायतको माग गरेका छन् ।

# बागमती मन्त्रिपरिषद् बैठकबाट भए चार निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ हेटौंडा-२, स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले चारवटा निर्णय गरेका छन् ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सीमान्तकृत चेपाङ, वनकरीया, माझी र बोटे समुदाय एकीकृत बस्ती तथा आवास कार्यक्रम कार्यान्वयनका लागि स्वीकृति प्रदान गरेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रमका लागि प्रदेश मन्त्रिपरिषद् बैठकले कार्यविधिलाई स्वीकृति प्रदान गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । भौतिक पूर्वाधार विकास मन्त्रालयले गत वर्षहरुमा प्रदेश विनियोजन ऐन २०८० बमोजिम खरको छानोमुक्त कार्यक्रम सञ्चालन कार्यविधि २०७९ बनाइ सञ्चालन गरेर यो कार्यक्रमहरु सञ्चालन गर्दै आएको उनले बताए ।

यसअघि मन्त्रालयले कार्यविधि निर्माण गरी कार्यान्वयन गर्दै आएका कार्यक्रमलाई थप व्यवस्थित बनाउन मन्त्रिपरिषद् बैठकबाट कार्यविधिलाई स्वीकृत गराइएको भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल 'शरद' ले बताए । उनका अनुसार आगामी वर्षदेखि यो कार्यक्रम कार्यान्वयनका लागि



कार्यविधि निर्माण गर्नुपर्ने अवस्था रहन्न । 'हरेक वर्ष सञ्चालन हुने कार्यक्रमका लागि विगतमा मन्त्रालयले कार्यविधि निर्माण गरेर काम गरिरहेको थियो । त्यसलाई व्यवस्थित बनाउन क्याविनेटबाट कार्यविधिलाई स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको हो । आगामी वर्षदेखि यो कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि बनाउन पर्ने अवस्था रहन्न ।', उनले भने ।

खरको छानोमुक्त कार्यक्रम संचालनका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा मन्त्रालयलाई ८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । संघीय सरकारको सशर्त अनुदान अन्तर्गतको चेपाङ, वनकारिया, माझी, बोटे एकीकृत बस्ती तथा आवास कार्यक्रम मकवानपुर, चितवन र धादिङ गरी ३ जिल्लाका लागि १२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । प्रत्येक वर्ष बजेट विनियोजन हुने यो कार्यक्रमलाई आगामी वर्षमा थप व्यवस्थित र व्यवहारिक बनाउने मन्त्री श्रेष्ठले बताए ।

उनका अनुसार समय अनुकूल यो कार्यक्रमअन्तर्गत वितरण गरिने ४ लाख रुपैयाँ रकमले सामान्य घर बनाउन समेत अपुग हुने र कार्यक्रमका लागि छानिएका व्यक्तिहरुको आर्थिक अवस्था कमजोर हुने हुँदा लगानी गर्न सक्ने अवस्था नहुनाले सोचेजस्तो प्रभावकारी हुन नसकेको उनले बताए । आगामी वर्षहरुमा कार्यक्रमअन्तर्गत लाभग्राहीलाई रकम वितरण गर्दा न्यूनतम ७ लाख रुपैयाँ वितरण गर्नेगरी अघि बढ्ने उनले बताए ।

कार्यक्रमको प्रभावकारितामा लाभग्राहीको जीविकासँग जोडिएको उनले बताए । कार्यविधि अनुसार कार्यक्रमका लागि छनोट भएका १० लाभग्राहीलाई एउटा ब्लकमा घर निर्माण गर्नुपर्ने र लाभग्राहीको सो स्थानमा जीविकोपार्जनको अवस्था नहुने भएकाले उनीहरु पुरानै थात्थलोमा फर्किने गरेको मन्त्री श्रेष्ठले बताए । मन्त्री श्रेष्ठका अनुसार प्रदेश प्रहरी भवन निर्माणका लागि सम्बन्धित कार्यालयलाई अख्तियारी दिने निर्णय गरेको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बीमाको बजार बिस्तारमा संकट

नेपालमा जतिसुकै बीमा कम्पनी स्थापना भएपनि बजार बिस्तारमा भने अझै चुनौती रहेको देखिन्छ । ५८ प्रतिशत बजार बिस्तार हुन सकेको छैन । बीमा कम्पनीको कभरेज बढ्न नसक्नुमा बीमाको बिश्वसनीयता, बीमाको फाइदाका बारेमा जनचेतना अभाव र बीमा कम्पनीले ग्रामीण क्षेत्रमा सेवा दिन नसक्नु, सुबिधासम्पन्न बजारक्षेत्रमा मात्र ब्यवसायको खोजी गर्नु आदि कारण हुन सक्छन् । चालु आर्थिक वर्षको भदौ महिनासम्म बीमा कम्पनीहरुको व्यवसाय वृद्धि भए पनि बीमाको दायरा भने खासै बढ्न सकेको छैन । नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालको कुल जनसंख्याको ५८ प्रतिशत जनसंख्यामा अझै बीमाको पहुँच पुग्न सकेको छैन । जीवन बीमा कम्पनीहरुले भदौ मसान्तसम्म २९ अर्ब १२ करोड रुपैयाँ र निर्जीवन बीमा कम्पनीहरुले ७ अर्ब ८ करोड बढी प्रिमियम भित्राएका छन् । २८ बीमा कम्पनी र ४ लघुबीमा कम्पनीले ३६ अर्ब २१ करोड रुपैयाँभन्दा बढी प्रिमियम भित्राउँदा बीमाको दायरा ४२ प्रतिशत जनसंख्यामा मात्रै पुगेको छ ।

गत वर्षको भदौ महिनासम्म बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (म्यादी, लघुम्यादी र वैदेशिक रोजगार जीवन बीमालेखसहित) ४४ प्रतिशत थियो । गत वर्षको तुलनामा बीमाको दायरामा आएको जनसंख्या प्रतिशत २ प्रतिशतले घट्न पुगेको छ । तथ्यांकअनुसार जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय बढ्न सकिरहेको छैन । पुरानै व्यवसाय नवीकरणबाट जीवन बीमा कम्पनीहरुको व्यवसाय धानिरहेको तथ्यांकले देखाउँछ । भदौ मसान्तसम्म जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय १० प्रतिशतले घटेर ४ अर्ब ३३ करोड रुपैयाँ प्रिमियम संकलन भएको छ । त्यस्तै, जीवन बीमा कम्पनीहरुको नवीकरण बीमाशुल्क आर्जन भने १६.८० प्रतिशतले वृद्धि भएको छ । भदौ मसान्तसम्म नवीकरणमार्फत जीवन बीमा कम्पनीहरुले २४ अर्ब ७९ करोड रुपैयाँ प्रिमियम उठाएका छन् । तथ्यांकअनुसार जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय उल्लेख्य बढ्न नसकेपनि पुरानै व्यवसाय नवीकरणबाट बीमाशुल्क आर्जन बढाइरहेका छन् । यसकारण पनि बीमाको दायरा नबढेपनि बीमा कम्पनीहरुको व्यापार वृद्धि भएको देखिएको हो । प्राधिकरणले बीमाको दायरा बढाउनका लागि विभिन्न खालका बीमासम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले विभिन्न सार्वजनिक कार्यक्रममा चालु आर्थिक वर्ष २०८०/८१ मा बीमा दायराको जनसंख्या प्रतिशत बढाउनका लागिपरेको बताउँदै आएका छन् । प्राधिकरणको प्रदेशगत कार्यालयले विभिन्न क्षेत्रका स्थानीयसँग बीमा सचेतनासम्बन्धी कार्यक्रमसमेत गर्दै आइरहेको छ । गत वर्षको भदौ महिनामा ४४ प्रतिशत जनसंख्यामा रहेको बीमाको पहुँच यस वर्ष झनै घटेर ४२ प्रतिशतमा कायम हुन पुगेको छ । बीमाको दायरा घटे पनि बीमा कम्पनीहरुको व्यापार भने फस्टाएको देखिएको छ । भदौ महिनासम्ममा जीवन तथा निर्जीवन बीमा कम्पनीहरुले ३६ अर्ब २१ करोड रुपैयाँभन्दा बढी बीमाशुल्क आर्जन गरेका छन् ।

गत वर्षको भदौ महिनासम्म बीमा कम्पनीहरुले ३३ अर्ब ९२ करोड रुपैयाँ बीमा शुल्क आर्जन गरेका थिए । गत वर्षको तुलनामा बीमा कम्पनीहरुको व्यापार ६.७५ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षको भदौ महिनासम्म जीवन बीमा कम्पनीले मात्रै २९ अर्ब १३ करोड रुपैयाँ र निर्जीवन बीमा कम्पनीले मात्रै ७ अर्ब ८ करोड रुपैयाँ प्रिमियम संकलन गरेका छन् । यता जीवन तथा निर्जीवन दुवैतर्फको बीमालेखको संख्या भने घट्न पुगेको छ । वैदेशिक रोजगार बीमालेख संख्या भने ५१.८४ प्रतिशतले बढेको छ । नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपालीका लागि वैदेशिक रोजगार बीमा अनिवार्य गरेकोले पनि यस्तो बीमालेखको संख्या बढेको हो । १-२ वटा कम्पनीले मात्रै बिक्री गर्दै आइरहेको वैदेशिक रोजगार बीमालेख हाल १० वटा जीवन बीमा कम्पनीले बिक्री गरिरहेका छन् । यसकारण पनि यो बीमालेखको संख्या गत वर्षको तुलनामा ५१ प्रतिशतले बढ्न पुगेको हो । गत वर्ष ११ लाख २२ हजार २९५ रहेको वैदेशिक रोजगार बीमालेख संख्या यस वर्ष बढेर १७ लाख ४ हजार ७३ पुगेको छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २५ गते बिहीबार १२ अक्टोबर २०२३ । त्रयोदशी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:०२, सूर्यास्त ५:३७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलोको समय रहेको छ | तुला | : भेटघाटमा समय बित्नेछ |
| वृष | : शरीरमा समस्या देखिन सक्नेछ | वृश्चिक | : सम्पत्तिको खचपच हुनेछ |
| मिथुन | : सामाजिक प्रतिष्ठा बढ्नेछ | धनु | : सुखभोगको समय रहेकोछ |
| कर्कट | : सानातिना अवरोध आइरहनेछ | मकर | : आर्थिक लाभ मिल्नेछ |
| सिंह | : मित्रसंग विवाद हुनसक्नेछ | कुम्भ | : विवाद हुन सक्ने |
| कन्या | : धन खर्च हुनेछ | मीन | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |

# मानसिक स्वास्थ्य विना अपूरै रहन्छ मानिसको स्वास्थ्य



मातृका देवकोटा

हरेक वर्ष अक्टोबर १० मा विश्व मानसिक स्वास्थ्य दिवस मनाउने गरिन्छ । वर्ल्ड फेडरेसन अफ मेन्टल हेल्थ नामक संस्थाको अगुवाइमा सन् १९९२ देखि यो दिवस मनाउन सुरु गरिए पनि सन् १९९४ देखि भने नारा सहित मनाउन सुरु गरियो । विश्वभरि नै मानसिक स्वास्थ्य सेवाको गुणस्तर सुधार (इम्प्रुभिङ द क्वालिटी अफ मेन्टर हेल्थ सर्भिस थ्रुआउट द वर्ल्ड) पहिलो नारा थियो । त्यसपछिका हरेक वर्षहरू नयाँ-नयाँ नाराको साथ यो दिवस मनाउँदै आइएको छ ।

त्यही क्रममा सन् २०२३ को नारा ‘मानसिक स्वास्थ्य विश्वव्यापी मानवअधिकार हो’ (मेन्टर हेल्थ इज युनिभर्सल फयुमन राइट्स) भन्ने नारा तय गरेको छ ।

मानव जीवनमा मानसिक स्वास्थ्य कति महत्वपूर्ण छ ? यो यसपालिको मानसिक स्वास्थ्य दिवसको नाराबाट महसुस गर्न सकिन्छ । युनिभर्सल फयुमन राइट्स अर्थात् विश्वव्यापी मानवअधिकार सन् १९४८ मा संयुक्त राष्ट्रसंघले प्रतिपादन गरेको मानवअधिकारको विश्वव्यापी घोषणाको मर्म र उद्देश्यसँग जोडिएको छ । यो दस्तावेजको धारा २५ मा स्वास्थ्यको विषय र अधिकारलाई उल्लेख गरिएको छ । त्यसैगरी यो नाराको मर्म र उद्देश्य ‘अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धि यूएनसीआरपीडी २००६ को धारा २५ को प्रावधानसँग पनि जोडिएको छ ।

नेपालको जनस्वास्थ्य ऐन २०७५ ले पनि मानसिक स्वास्थ्य सेवालाई सबैमा पुऱ्याउने भनेको छ । यसको उद्देश्य मानसिक स्वास्थ्यको उपचार खोज्ने मात्र हैन, यो समस्या हुन नदिनको लागि प्रवर्द्धनात्मक र रोकथाममूलक काम गर्न पनि जरूरी छ ।

विश्वव्यापी मानवअधिकारले मानिसको राष्ट्रियता, जाति, लिंग, धर्म वा अन्य कुनै पनि पहिचान नहेरी मानिसको रूपमा पाउने आधारभूत अधिकार र स्वतन्त्रतालाई बुझाउँछ । यो मानिसको जन्मसिद्ध अधिकार हो । स्वास्थ्य सेवालाई यो वा त्यो बहानामा अवरोध गर्न पाइँदैन । कुनै पनि व्यक्तिको मानवअधिकारलाई अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा घरेलु कानुनहरू मार्फत रक्षा र सुनिश्चित गरिँदै आइएको छ । तर यूएनसीआरपीडी र युडीएचआरले स्वास्थ्यको मात्र कुरा गरेको छ ।

यसपालिको वर्ल्ड फेडरेसन अफ मेन्टल हेल्थको नाराले भने मानसिक स्वास्थ्यलाई अन्य आधारभूत स्वास्थ्य बराबर मान्यता दिनुपर्ने कुरामा जोड दिएको छ । र, यो कुरामा हामी सबै गम्भीर भएर मनन गर्नु जरूरी छ । किनभने मानसिक स्वास्थ्यको कुरा नगरी अब मानिसको स्वास्थ्य अपूरो छ । अर्कोतिर भागदौडको दुनियाँमा जो-कोही कुनै पनि बेला मानसिक स्वास्थ्य अवस्थाबाट गुज्रनुपर्ने हुनसक्छ । त्यसैले मानसिक स्वास्थ्यलाई अब आधारभूत स्वास्थ्यमा समायोजन गरेर लैजानुपर्छ ।

मानसिक स्वास्थ्यको कारण र परिणाम फरक-फरक छन् । जैविक, मनोवैज्ञानिक तथा अन्य सामाजिक, सांस्कृतिक कारण व्यक्तिमा मानसिक स्वास्थ्य अवस्था सृजना हुनसक्छ । साथै हाम्रो वरपरको वातावरणीय स्थिति, शारीरिक स्वास्थ्य र मस्तिष्कको बनावट तथा कार्यले पनि मानिसमा मानसिक स्वास्थ्य अवस्था देखिन सक्छ । विश्व स्वास्थ्य संगठनको अनुसन्धान अनुसार ५० प्रतिशत मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्थाको अनुभव १४ नपुगेकाले गरेका छन् ।

अधिकांश मानिसमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्था समाजको गतिविधि, एक व्यक्तिले अर्को व्यक्तिमाथि गर्ने व्यवहारको कारण उत्पन्न हुन्छ । तसर्थ, हामीमध्ये जो-कोहीलाई पनि मानसिक स्वास्थ्य समस्याको अनुभव गर्न सक्छौं । यो मनको अवस्थासँग जोडिएको अनुभूति र भावना पनि हो । साथै यी सबै अनुभूति मानिसका अनुभूति हुन् । त्यसैले मानसिक स्वास्थ्य अवस्थामा रहेकालाई सकारात्मक र सहयोगी व्यवहार गर्नुपर्छ ।

मानसिक स्वास्थ्यलाई हाम्रो समाजमा अन्धविश्वाससँग जोडेर हेर्ने गलत अभ्यास पनि देखिन्छ । उनीहरूले यसलाई श्राप वा पूर्वजन्मको परिणाम भनेर व्याख्या गरिन्छ । यी सबै अफवाह र अन्धविश्वास हुन् । तर यिनै अन्धविश्वास र योसँग जोडिएका व्यवहारले समस्या बढाउने गरेका छन् । तसर्थ मानसिक स्वास्थ्य न्यूनीकरणको लागि मानसिक स्वास्थ्य सामना गरिरहेको व्यक्तिको भन्दा बढी समाजको उपचार गर्न जरूरी छ ।

मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्थासँग जोडिएका अन्धविश्वास र गलत बुझाइलाई बदल्नुपर्छ । समाजलाई समृद्ध बनाउन समाजमा रहेकाहरू स्वस्थ हुनुपर्छ । स्वस्थ रहनको लागि मानसिक स्वास्थ्य झनै महत्वपूर्ण छ ।

अर्को कुरा मानसिक स्वास्थ्यलाई अलग्गै नभएर आधारभूत स्वास्थ्यमै एकीकृत गर्नुपर्छ । हुन त यसको परिकल्पना ‘मानसिक स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीति’ २०५३ ले नै गरेको थियो । यसले मानसिक स्वास्थ्य महाशाखा स्थापना गरेर मानसिक स्वास्थ्यलाई आधारभूत स्वास्थ्यमा एकीकृत गर्ने र अन्य मन्त्रालयसँग पनि समन्वय गर्ने कुरा थियो । तर दुर्भाग्य २७ वर्ष बित्दा पनि यो कुरा कार्यान्वयन भएको छैन ।

अहिले अर्को स्वास्थ्य रणनीति आइसक्यो । तर अझै पनि मानसिक स्वास्थ्यलाई सरुवा रोगमा राखेर बेवास्ता गरिँदै आइएको छ । त्यही कारण म कार्यरत संस्था कोसिसले मानसिक स्वास्थ्यको लागि छुट्टै विभाग स्थापना गर्नको लागि सर्वोच्च अदालतमा तीन वर्षअघि मुद्दा दायर गरेको छ । यसको फैसला अझै पनि आएको छैन । हामीले हाम्रै पक्षमा चाँडै फैसला आउने र मानसिक स्वास्थ्यको छुट्टै विभाग स्थापना हुने विश्वास गरेका छौं ।

मानसिक स्वास्थ्य तथा मनोसामाजिक अस्वस्थतामा रहेकाप्रति हाम्रो समाजको दृष्टिकोण उति सकारात्मक छैन । तर मानवअधिकारको विश्वव्यापी मान्यताले हरेक व्यक्तिलाई उसको आत्मसम्मान, मर्यादा र समानताको साथ व्यवहार गर्नलाई जोड दिन्छ । यी कुराहरू व्यक्तिका नैसर्गिक अधिकार हो भनेर जोड दिन्छ । त्यो अर्थमा मानसिक स्वास्थ्य अवस्थामा रहेकालाई मर्यादापूर्वक व्यवहार गर्नुपर्छ । उसको आत्मसम्मान र स्वतन्त्रतामा दखल पुऱ्याउनुहुँदैन । यही उद्देश्यको साथ हरेक वर्ष हामी विश्व मानसिक स्वास्थ्य दिवस मनाउँदै आएका छौं, जसको उद्देश्य मानसिक स्वास्थ्यको बारेमा जनचेतना जगाउँदै व्यवहार परिवर्तन गर्नु हो । सबैको मानसिक स्वास्थ्यको रक्षा तथा प्रवर्धन गर्नु हो । जसले मानिसको स्वास्थ्य र समृद्धिलाई सुनिश्चित गर्छ । तसर्थ हामी सबैले मानसिक स्वास्थ्यलाई आधारभूत मानवअधिकारको रूपमा बुझ्नुपर्छ । व्यक्ति जस्तो र जहाँको भए पनि उच्चतम मानसिक स्वास्थ्य सेवा पाउने अधिकार राख्छ ।

मानसिक स्वास्थ्य विश्वव्यापी मानवअधिकारको विषय हो । यसलाई हामी जति छिटो आत्मसात् गर्छौं, उति नै चाँडो हामी सामेली र समानतायुक्त समाजको विकास गर्छौं । एउटा समृद्ध समाज निर्माण गर्छौं, जुन समाजमा विभिन्न अवरोधमा रहेका व्यक्तिहरू सहजतापूर्वक जीवन बाँच्न सक्छन् । तसर्थ मानसिक स्वास्थ्य विश्वव्यापी मानवअधिकारको विषय हो भनेर मनन गरौं ।

*(साभार: अनलाइनखबर)*

# रचनात्मक अवतरणमा प्रचण्ड र माओवादी केन्द्रको अग्निपरीक्षा

महेश्वर दाहाल

मुलुक कतिपय आर्थिक र सामाजिक समस्याहरूबाट गुज्रिरहेको परिस्थितिलाई भड्काएर ‘शोकको बेला भित्तो फोर्ने नीति’ बोकेकाहरू पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकार ढाल्ने मात्र होइन राजनीतिक प्रणालीलाई नै सिध्याउने दाउमा लागिरहेका छन् । धार्मिक वा जुनकुनै आवरणमा सामाजिक सद्भाव भड्काउने र समुदायलाई आपसमा भिडाएर सिंगो मुलुकलाई अराजकतातिर धकेल्ने दिवास्वप्न देख्नेहरु उत्साहित रहेको पछिल्लो समयमा प्रचण्ड नेतृत्वको सरकारको जिम्मेवारी अरु बढेको छ र सँगै अग्निपरीक्षा समेत सुरु भएको छ ।

त्यसो त प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारविरुद्ध अभियान सुरु गर्दै यसलाई निष्कर्षमा पुऱ्याउन इमानदार प्रयत्न गर्नुभएको छ । तर, अभियोजन पेस गर्ने चरणसम्म मुद्दा कमजोर भइसक्ने र अभियानलाई नै जबर्जस्त बदनाम बनाउने कतिपय भ्रष्ट आवरण भएकाहरूको सक्रियता जस्ता सन्दर्भहरूले उक्त अभियान विश्वसनीय बन्न सकिरहेको छैन । अभियान विश्वसनीय हुन नसक्दा त्यसले जनतामा उदासीनता पैदा गरेको छ । के विगतका सरकारहरुभन्दा यो सरकार भ्रष्ट हो त ? त्यो त कसैले मान्दैनन् । त्यसो भए यो अभियानमा खुलेर साथ र समर्थन किन भइरहेको छैन ? हो, सरकारका कतिपय मानिस भ्रष्ट पनि होलान् । तर, यसपटक भ्रष्टाचारको भण्डाफोर अभियान भने सशक्त भएको छ ।

प्रधानमन्त्रीको यो सकारात्मक अभियानले मात्रै सरकारको विश्वसनीयता जोगाउन कठिन भइरहेको छ । आफैं भ्रष्टाचार नगर्ने तर भ्रष्टको छत्रछायाप्रति निरीह बन्ने इमान्दार नेतालाई पनि मानिसले मान्न छाडिसकेका छन् । राजनीतिक भ्रष्टाचारविरुद्धको जनआक्रोसले व्यवस्थाप्रति नै अविश्वास बढाउदै लगेको छ । भ्रष्टाचारको मुद्दामा आन्दोलन गर्नसक्ने नैतिक बल स्थापित पुराना राजनीतिक शक्तिमा छैन । राजनीतिक परिवर्तनको सशक्त संघर्षबाट स्थापित राजनीतिक शक्ति नै समस्याको सम्पूर्ण जड हुन् भन्ने भाष्य निर्माण गरिएको छ । पुराना पार्टीका सबै राजनीतिक नेतालाई वेइमान भनेर बदनाम गरिएको छ । तर, भ्रष्ट र गलत क्रियाकलापमा उत्तिकै संलग्न सरकारी उच्च अधिकारी, व्यापारी र पेशागत क्षेत्रकाहरू पानी माथिको ओभानो तथा सदाचारी देखिएका छन् ।

भ्रष्टाचारको विरुद्धको यस्तै अभियान यदि भर्खरै उदाएका राजनीतिक पार्टी वा गैरराजनीतिक शक्तिले चलाएका हुन्थे भने जनताको ठूलो सहानुभूति, समर्थन र सहभागिता हुन्थ्यो । तर, ठूलठूला संघर्ष र वलिदानबाट निर्माण भएका पार्टीहरुप्रति आमजनताको यति ठूलो अविश्वासले राम्रो संकेत गरेको छैन । यसले व्यवस्था र परिवर्तनकै विकल्पको आधार निर्माण भइरहेको दर्शाउँछ । सामाजिक सञ्जाल र अधिकांश परम्परागत मिडियाले पनि वैकल्पिक राजनीतिक शक्ति र व्यवस्थाका लागि मलजल गरिरहेका छन् । तर, संघर्ष र बलिदानबाट आएका दलहरूले आफ्ना भूमिकाको मिहिन समीक्षा गरेर र सच्चरित्रताको व्यवहारमै पुष्टि गरेर अगाडि बढ्नुको कुनै विकल्प छैन ।

सबैजसो पुराना पार्टीहरुले जनतामा विश्वास फर्काउने प्रयास गरिरहेकै छन् । यसै मेसोमा माओवादी केन्द्रले पनि भदौ १६ गतेदेखि ‘घरघरमा माओवादी विशेष रुपान्तरण अभियान’ चलाइरहेको छ । यसले जनतामा केही आशा त जगाएको छ । तर, जनतामा यस पार्टीप्रति पनि धेरै विश्वास टुटेको अवस्था छ ।

यद्यपि समकालीन राजनीतिमा ठूलो वलिदानीपूर्ण संघर्षबाट स्थापित माओवादी केन्द्र इमान्दार भएर लाग्दा मात्र जनताको अवस्था बदल्न सक्ने ल्याकत राख्न सक्छ ।

समाजवादका लागि आजको ठोस कार्यक्रम के हुनसक्छ ? कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, यातायात जस्ता जनताका दैनिक र दीर्घकालीन सरोकारका मुद्दाबारे कस्तो कार्यक्रम बनाउने ? विकराल बनेको वेरोजगारी समस्यालाई ती कार्यक्रममार्फत कसरी सम्बोधन गर्ने ? यो तीन महिने अभियानका क्रममा माओवादी केन्द्रले जनतालाई विश्वास दिलाउन सक्नुपर्छ । संघमा जस्तै प्रदेश र स्थानीय तहमा समेत भ्रष्टाचार विरुद्ध सुशासन एवम् सामाजिक न्यायको पक्षमा अभियान चलाउन सक्नुपर्छ । पार्टीका कतिपय प्रदेशका मन्त्री र स्थानीय तहका पदाधिकारीको गतिविधि र कामबारे समेत नकारात्मक प्रतिक्रिया आएका छन् ।

जनताको निकटको तख्ता मानिएको स्थानीय तहमा माओवादी केन्द्रको एक सय २० वटामा त प्रमुख नेतृत्व नै छन् । यो सानो संख्या होइन । तर, ती सबैजसो धागो छिनेका चङ्गा झैं स्वतन्त्र जस्तै छन् । अधिकांश ठाउँमा पार्टीको कमाण्डमा छैनन् । स्थानीय तहमा सिंहदरवार पुऱ्याउन माओवादी केन्द्रले मुख्य भूमिका त खेल्यो तर माओवादी केन्द्रकै धेरै जनप्रतिनिधिहरु जनसेवकभन्दा शासक बनेको अवस्था छ । जनताका प्राथमिकता र आधारभूत विषयमा भन्दा सिंहदरवारको देखासिकीमा भौतिक संरचना बनाउने तथा फजुल खर्च गर्ने होड नै चलेको छ, जुन खर्च अस्पताल, विद्यालय, कृषि, साना-मध्यम उद्योग लगायतमा लगानी गर्न सकिन्थ्यो । रोजगारी सिर्जना गर्न सकिन्थ्यो ।

माओवादी केन्द्रले जितेका धेरै ठाउँलाई मोडलको रुपमा लैजान नसक्दा आधारभूत जनतामा ठूलो असन्तुष्टि र आक्रोस बढेको छ । केही ठाउँमा भने जनतामा विश्वास जगाउने गरी काम पनि भएका छन् । त्यस्ता ठाउँको जनसमर्थन र लहर माओवादी केन्द्रको पक्षमा नै बढेको छ । जस्तो कि सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाको केही सिर्जनशील, रचनात्मक र जनमुखी कामको पहल गरेर माओवादी केन्द्र थप सुदृढ भएको उदाहरण पेश गरेको छ । गाउँपालिका अध्यक्ष बज्रध्वज वाइवाले एमाले र काँग्रेस मिलेर आए पनि अब एक्लै चुनाव जित्ने विश्वास दिलाउनुभयो । अभियानकै क्रममा गत हप्ता भएको त्यहाँको जनसभामा विभिन्न पार्टी परित्याग गरेर माओवादी केन्द्रमा प्रवेश गर्नेको लहरले उहाँको भनाइलाई नै पुष्टि गर्दछ ।

त्यसक्रममा नेपाली कांग्रेसबाट माओवादी केन्द्रमा प्रवेश गर्नुभएका बालकृष्ण नेपालले अहिलेको राजनीतिक प्रणालीलाई बचाउन र जनताको जीवनस्तर माथि उठाउन सबै परिवर्तनका पक्षधरहरु माओवादी केन्द्रमा गोलबद्ध हुनुपर्ने धारणा राख्नुभएको थियो । यहाँ जस्तै यो व्यवस्थाको पक्षमा लडेकाहरुसँग एकता वा मोर्चा बनाएर आवश्यक पर्दा सडकमा जाने वातावरण माओवादी केन्द्रले जितेका सबै स्थानीय तहमा बनाउने हो भने आधार कमजोर बन्ने छैन । बागमती प्रदेशका अध्यक्ष सरल सहयात्रीले माओवादीले जितेका हरिहरपुरगढी र मरिणमा नमूनाका रुपमा काम गर्नुपर्ने धारणा राख्दा सहभागीहरुको ध्यानाकर्षण भएको थियो । निकै उत्साहपूर्ण माहौल रहेको सो कार्यक्रममा देशमा १८ घण्टे लोडसेडिङ हटाउने कार्यका पहलकर्ता तत्कालीन ऊर्जामन्त्री, माओवादी केन्द्रका बागमती प्रदेशका इन्चार्ज जनार्दन शर्माले माओवादी केन्द्र बलियो बन्दामात्र यो प्रणाली बच्छ र जनताको अवस्थामा गुणात्मक परिवर्तन हुन्छ भन्नुभएको थियो । स्थानीय तहका सरकारलाई व्यवस्थित ढंगले चलाउनका लागि केन्द्रबाट नै पहल नपुगेको स्वीकारोक्ति उहाँको थियो ।

केन्द्रबाट नै योजनाबद्ध पहल गरी माओवादी केन्द्रले स्थानीय तहलाई जनताको कामका लागि प्रेरित गर्नुपर्छ । हरिहरपुरगढी गाउँपालिकाले आफ्नै सीमाबाट केही सुरु त गरेको छ, तर यसलाई योजनाबद्ध र व्यवस्थित बनाउन विज्ञसमेतलाई जोडेर कृषि, उद्योग, शिक्षा, स्वास्थ्यका नमुना कार्यक्रमहरुमा केन्द्र, प्रदेश पार्टीले पहल बढाउन सक्नुपर्छ । अधिकांश ठाउँका स्थानीय तहमा नेका र एमालेभन्दा माओवादी केन्द्र फरक नभएको जनगुनासो देखिन्छ । माथिबाटै योजना नदिएसम्म, नभनेसम्म धेरै प्रदेश र स्थानीय तहका नेताहरुले रचनात्मक, सिर्जनात्मक काम नगरेको देखियो ।

माओवादी केन्द्र जस्तो क्रान्तिकारी पार्टीका नेताकार्यकर्ताहरू अकबर र बीरबलको कथामा जस्तै बीरबलको भूमिकामा देखिनु विडम्बना हो । मातहतका सबैलाई आलोचनात्मक चेतका साथ रचनात्मक र सिर्जनशील बनाउन पार्टीले जोड दिनैपर्छ । अकबर र बीरबलको कथाको सन्दर्भ यस्तो छ- अकबरले स्वास्थ्यका लागि करेलाको तरकारी राम्रो भएकाले यो दिनहुँ खादा के होला ? भनेर सुझाव माग्दा बीरबलले ठीक हो, म पनि अब दिनहुँ खान्छु भने । आफूले सुझावको अपेक्षा गर्ने तर सधैं समर्थन मात्र गर्ने भएपछि बीरबललाई चेक गर्न अकबरले भने- धेरै तीतो भएकाले अबदेखि करेला नखाने कि ? बीरबलले तुरुन्तै जवाफ दिए- हो म पनि यो खान्न, यस्तो तीतो खाँदा अरु खानालाई नमीठो पार्छ । सुझाव दिनेभन्दा समर्थन मात्रै गर्नुको कारण सोध्दा बीरबलले अकबरलाई जवाफ दिए- करेला लाभदायक हुनु र नहुनुमा के लिनु, दिनु ? म त हजुरको सेवक हो, करेलाको त होइन नि !

तर, राज्य र पार्टीको शुद्धीकरण अभियान सँगसँगै चलाइरहेको माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरुमा भने बीरबलको ठीक विपरीत आलोचनात्मक चेतको विकास गराउनै पर्छ । त्यसो गर्न सकिएमा नै उपलब्धिको रक्षा र विकास माओवादी आन्दोलन र पार्टीबाट नै हुन्छ । जनताका कुरालाई सुनेर पार्टी र सरकारका कामलाई सुधार्न बल गर्नुपर्छ । औपचारिक कार्यक्रम थोरै तर अनौपचारिक भेटघाट धेरै, माला, खादा, अबिरमा होइन जनता र कार्यकर्ताभन्दा विशिष्ट नदेखिने ढाँचालाई आत्मसात गर्नुपर्छ ।

थुप्रै जिल्ला र स्थानीय तहमा पद तथा आर्थिक उत्प्रेरणालाई केन्द्र बनाएर स्वार्थपरक गुटबन्दी गर्नेहरूले अभियानमा जाने नयाँ नेता तथा कार्यकर्ताहरुप्रति सहयोगी भावना देखाएका छैनन् । आफ्ना गलत क्रियाकलापको पोल खुल्ला भन्ने भय उनीहरूमा देखिन्छ । गडबड गर्ने नेता तथा कार्यकर्ताहरुलाई रुपान्तरण गर्न बल गरिएन भने त्यसले पार्टीलाई धेरै ठूलो क्षति गर्नेछ । माओवादी केन्द्रसँग जनता विश्वस्त बन्ने बातावरण नबन्दासम्म अभियान निरन्तर गरिरहनु पर्छ । भनाइ र गराइमा अब पनि फरक भइरहने हो भने माओवादी केन्द्र थप कमजोर बन्नेछ । तसर्थ यो अभियान पार्टी संगठनका लागि जीवनमरणको लडाईं हो । प्रायश्चित गर्ने अवसर हो । आमजनतासम्म विश्वास नजगाउँदासम्म पार्टी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डले जति नै बल गरे पनि भ्रष्टाचारविरुद्ध र सुशासन अभियानमा जनताको साथ हुने देखिँदैन ।

*(साभार: रातोपाटी)*

# एसियन गेम्समा नेपालको साख जोगाउने एरिका



काठमाडौं/भर्खरै १९ वर्ष टेकेकी उनको कथा कतै सुनिएको थिएन, अनुहार पनि कतै देखिएको थिएन, तर पनि उनी नेपालको सान बनिन्, उनी अर्थात एरिका गुरुङ । जसले चीनमा भएको एसियाली खेलकुदको कराँतेमा नेपाललाई रजत पदक जिताइन् ।

हुन त एरिका नयाँ खेलाडी होइनन् । घरेलु प्रतियोगिता खेलिरहेकी उनका लागि एसियाली खेलकुद दोस्रो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो । यो प्रतियोगिता खेल्नु एक–डेढ हप्ताअघि मात्र उनले पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी थिइन् । इन्डोनेसियामा भएको वर्ल्ड सितेरियो कराँतेको च्याम्पियनसीपमा एक स्वर्ण र एक कास्य जितेर उनी उतैबाट १९ औं एसियाली खेलकुद खेल्न हान्झाउ पुगेकी थिइन् ।

उनका लागि भने इन्डोनेसियाको च्याम्पियनसिप पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो । त्यसको अनुभवले नै एसियाली खेलकुदमा पदक जित्न सकेको उनी बताउँछिन् । 'इन्डोनेसियामा भएको प्रतियोगितामा हाम्रो गल्ती थाहा भयो,' उनी भन्छिन्, 'गल्ती थाहा पाउने मौका मिल्यो । त्यो गल्ची सच्याएर एसियन गेम्समा हामीले राम्रो गरेका हौं ।'

एरिकाको ६८ केजी तौल समुहमा ८ खेलाडी थिए । त्यसैले उनले सिधै क्वार्टरफाइनलबाट फाइट सुरु गरिन् । एक फाइट जितेमा कास्य पदक, दुई फाइट जितेमा रजत र तीन फाइट जितेमा स्वर्ण पदक पक्का थियो । यो बुझेकी उनले पहिलो खेलमा जापानी खेलाडी युजुकी सावाएलाई र सेमिफाइनलमा हङकङकी यान काई होलाई हराइन् ।

एरिकाले जसको खेल हेरेर कराँतेको अभ्यास गर्थिन् उनै काजकस्तानकी सोफ्या बेरुल्तसेभा फाइनल भिडन्त भयो । बेरुल्तसेभाको खेलको भिडियो हेरेर टेक्निक सिकेकी एरिकालाई त्यो टेक्निक फाइनलमा काम लागेन । उनी पराजित भइन् र रजतमा रोकिइन् ।

'मेरो तौल समुहमा उनी विश्व च्याम्पियन हुन् । मैले भिडियो खोजेर हेर्दा उसकै आउने हो, त्यो भएर मलाई बेष्ट अफ दी बेष्ट लाग्छ । यसै विश्व च्याम्पियन भइँदैन', स्वदेश फर्किएपछि संचारकर्मीसँगको कुराकानीमा एरिकाले भनिन् ।

स्वर्ण जित्ने लक्ष्य सहित म्याटमा उत्रिए पनि आफूले स्वर्णको लक्ष्य भने पूरा गर्न नसकेकोमा एरिकालाई थकथकी लागेको छ । 'हाम्रो लक्ष्य स्वर्ण थियो, फाइनलमा पुगेपछि त झन् स्वर्ण जित्नैपर्छ भन्ने लक्ष्य थियो तर सकिनँ,' एसियाली खेलकुदको इतिहासमा नेपाललाई तेस्रो रजत पदक जिताउने उनले भनिन् ।

आफूले पछ्याइरहने विश्व च्याम्पियनसँग भिड्दा पनि आफ्नो सानो उमेरको मनस्थिति निकै बलियो रहेको एरिकाले सुनाइन् । 'खेल्दा मानसिक रुपमा बलियो थिएँ,' उनले भनिन्, 'उसलाई देखेर र माइलो लाग्ने त भइ नै हाल्यो ।'

**कराँतेमा पहिलो रजत जित्दा**

धादिङ, निलकण्ठ १३ लाहुरे गाउँमा जन्मिएकी एरिकाले पदक पहिरिने बेलासम्म पनि आफूले जितेको मेडलको देशमा यति ठूलो महत्व हुन्छ भनेर नसोचेको बताइन् ।

उनी भन्छिन्, 'मैले एउटा फाइट मात्र जितेको सोचेको थिएँ । तर नेपालबाट यति धेरै माया समर्थन पाइन्छ भन्ने थाहा थिएन । अहिले हेर्दा त निकै नै भाग्यशाली र हर्षित छु । एकदमै राम्रो गर्वान्वित अनुभव भइरहेको छ ।'

पूरै नेपाली समाज, सरकार र समर्थकबाट पाएको मायाले आफूमाथि देशको आशा र अपेक्षा बढेको अनुभूति एरिकाले गरेकी छिन् । त्यसैले आउँदा दिनमा आफ्नो खेल सुधार्ने र खेलमै केन्द्रित हुने उनी बताउँछिन् ।

'यति धेरै माया र समर्थन दिँदा मबाट अब देशले गर्ने आशा र अपेक्षा पनि बढेको होला,' उनले भनिन्, 'अपेक्षा बढे अनुसार मैले पनि मेरो खेल सुर्धानु पर्छ । मेहनत त गर्नै पर्छ ।'

छनोट प्रतियोगिता जितेर उनी एसियाली खेलकुदका लागि छानिएकी थिइन् । पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएपछि नै उनी पहिलो पटक राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा परेकी थिइन् । ९ महिनाअघिदेखि प्रशिक्षक कुशल श्रेष्ठको निगरानीमा एरिकासहितका खेलाडीले तयारी गरेका थिए ।

'८-१० महिनाअघिबाट हो मैले प्रशिक्षण गराएको हो । यो समयमा उनले १ दिन पनि रेष्ट लिइनन्,' एरिकाको लगनको तारिफ गर्दै कुशल भन्छन्, 'अन्य खेलाडी र उनमा यहि फरक छ ।' लगनशील खेलाडी भएकाले उनीबाट पदकको आशा गरेको प्रशिक्षक कुशल बताउँछन् ।

एरिका ६८ केजीको तौल समुहमा सबैभन्दा अग्ली खेलाडी थिइन् । उनलाई उचाइले पनि खेलमा साथ दियो । 'तौल समूहमा उनको उचाइ पनि उनको सकरात्मक पक्ष हो । उनको हात खुट्टा एकदमै छरितो छन्,' कुशल भन्छन्, 'उनले हान्छु भनेर सोच्न नभ्याउँदै खुट्टा चलेको हुन्छ ।'

कुशलको नजरमा एरिकाको यो सुरुवात मात्र हो, उनीसँग अझै माथि जाने क्षमता छ । 'उनी निकै माथि जाने खेलाडी हुन्, तर हाम्रो दुर्भाग्य ओलम्पिकमा कराँते हटाइयो ।'

सन् २०२४ को जुलाईमा फ्रान्सको पेरिसमा हुने ओलम्पिकमा कराँते समावेश नभए पनि सन् २०२८ को ओलम्पिकमा कराँते समावेश हुने आशामा छन् कुशल । '२०२८ को ओलम्पिकमा पनि कराँते छैन भन्ने सुनेको छु,' उनी भन्छन्, 'पछि थपिएको खण्डमा उनलाई २०२८ को ओलम्पिकका लागि फोकस गर्नुपर्छ ।'

**एरिका मिडियामा बोल्दा चिहाइरहने आमा**

रजत पदक जितेर आएकी छोरी एरिकाले काठमाडौंमा उत्रिए लगत्तै सञ्चार माध्यमलाई अन्तवार्ता दिँदै गर्दा उनकी आमा रत्न भने पछाडिबाट उनलाई चिहाइरहेकी थिइन् ।

छोरीसँग खादा लगाउन पाएकी र छोरीलाई दिएका पुष्प गुच्छा समातेर बसेकी रत्नको अनुहारमा छोरीको प्रगति र उनले पाएको माया र सम्मान स्पष्ट देखिन्थ्यो । 'मेरो छोरी पनि क्यामरा र मिडिया बोल्ने भइ,' उनले भनिन्, 'म त निकै खुसी छु ।'

एरिकाका बाबा ट्रेकिङ गाइड हुन् । फाप्लामा रहेका उनले छोरीलाई स्वागत गर्न काठमाडौं आउन चाहेका थिए । तर उडान नभएकाले आउन पाएनन् । दुई छोरीकी आमा रत्नलाई छिमेकी र आफन्तले छोरा किन नपाएको भनेर प्रश्न गर्थे । रत्नका दम्पतीले छोरीलाई नै छोरा बनाउँछु भन्ने अठोट गरेका थिए । 'मैले एरिकालाई कुनै पनि छोरा भन्दा कम हुनुहुन्न भन्ने गरेको थिएँ,' उनले भनिन्, ।

आमाबुबाबाट साथ र सहयोग पाएकी एरिका सानैदेखि हक्की स्वभावकी थिइन् । गर्छु भनेपछि जे कुरा पनि गर्ने उनको बानी रहेको रत्न सुनाउँछिन् ।

खेलमा पनि उनी केही गर्छु भन्ने सोचकै साथ आएकी थिइन् । 'उसको सानैदेखि खेलमा लगाव निकै राम्रो थियो,' रत्नले भनिन्, 'गर्छु भनेपछि गर्ने स्वभावकी थिइन् ।'

**विवाद सुल्झेपछिको सफलता**

नेपालमा कराँतेका यसअघि दुईवटा महासंघ थिए । खेलाडीले वर्षैभरी पसिना बगाए पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउने कि नपाउने अन्योलता थियो ।

तर गत माघमा राष्ट्रिय खेलकुद परिषद राखेपले विवाद समाधान गर्दै दुई वटा महासंघलाई एउटै बनाएको थियो । त्यो महासंघले गत चैतमा चुनाव नै गरेर नेतृत्व लिएपछि अहिले कराँतमा विवाद छैन । विवाद सुल्झिएपछि यस किसिमको सकरात्मक नतिजा आएको पूर्व खेलाडी तथा प्रशिक्षक कुशल श्रेष्ठ बताउँछन् ।

पूर्वखेलाडी रहेका उनी भन्छन् 'पहिले खेलाडीलाई खेल्ने नखेल्ने नै अन्योलता हुन्थ्यो अहिलेका खेलाडीलाई त्यो भएन अहिलेका खेलाडीले खेलमा मात्र फोकस गर्न पाए । त्यसैको नतिजा हो हामीले पदक जितेर आयौं ।'

कराँतेमा यसअघि नेपालले तीन कास्य जितेको थियो । सन् १९९४ मा सीता राई, १९९८ मा समर बहादुर गोले र २०१४ मा विमला तामाङले करातेबाट कास्य जितेका थिए । उनी अहिलेको सफलतालाई नेपाली कराँते क्षेत्रका लागि सकरात्मक सुरुवात मान्छन् । 'सुरुबाट नै सकरात्मक मानसिकता बनिरहेको थियो । कराँते महासंघ मिल्नु, राष्ट्रिय अन्तर्राष्ट्रिय विवाद सकिनु, प्रशिक्षकहरुकाबीचमा हुने विवाद सकिनु सबै मिल्दै मिल्दै गयो ।'

कराँते टिमले एसियन गेम्सबाट ३-४ वटा पदकको आशा गरेको भए पनि त्यसमा सफल नभएका उनी केही खिन्न छन् ।

'हामीलाई टाइसिटले पनि गाह्रो बनायो, सबैको पहिलो भिडन्त नै शीर्ष वरीयताका खेलाडीसँग पर्‍यो ।' एक्सपोजरको कमीले शीर्ष वरीयताका खेलाडीसँग सोचेजस्तो खेल्न नसकेको कुशल बताउछन् । नेपाली खेलाडीले एक्सपोजर पाउँदै गएमा आउँदो प्रतियोगितामा राम्रो नतिजा आउने विश्वासमा प्रशिक्षक कुशल छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'लोकल हिरो'मा दयाहाङ र मिरुनाको 'ह्याट्रिक' जोडी



काठमाडौं/अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर अहिलेका सर्वाधिक सफल जोडी हुन् । उनीहरुको सहकार्यले हिटमा ह्याट्रिक पनि गरिसकेको छ । 'कबड्डी ४', 'जारी' र 'नाङ्गो गाउँ' उनीहरुको जोडी बाँधिएको हिट फिल्म हुन् । यो जोडीको एकपछि अर्को फिल्म सफल हुन थालेपछि मेकरहरु समेत लोभिन थालेका छन् । र, उनीहरुलाई नै लिएर धमाधम फिल्मको घोषणा हुने क्रम जारी छ ।

यतिखेर दयाहाङ र मिरुनाले फिल्म 'रङ्गेली'को छायांकन गरिरहेका छन् । माघमा फिल्म 'घरज्वाइँ'मा एकसाथ काम गर्ने तयारीमा छन् । अब उनीहरुलाई लिएर अर्को फिल्म 'लोकल हिरो' निर्माण हुने भएको छ । 'ग्याङस्टर ब्लुज' फेम्ड निर्माता सरोज न्यौपानेको निर्माण रहने फिलममा उनीहरुले मुख्य भूमिकामा अभिनय गर्न लागेका हुन् । आगामी कात्तिकमा फिल्मको छायांकन सुरु हुनेछ ।

बलिउडका केही फिल्महरुमा काम गरिसकेका विश्वास तिमल्सिना र राज ऋषिले संयुक्त रुपमा फिल्म निर्देशन गर्नेछन् । फिल्मको छायांकन सुरु नहुँदै निर्माण टिमले प्रदर्शन मिति घोषणा गरि सकेको छ । शिवरात्रीको अवसर पारेर आगामी फागुन २५ गते फिल्म प्रदर्शन हुनेछ । रोचक कुरा के छ भने यही मितिमा दयाहाङ र मिरुना स्टारर 'रङ्गेली' पनि प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

तीन करोड बजेट अनुमान गरिएको फिल्मको छायांकन काठमाडौं, काभ्रेपलाञ्चोक र झापामा हुने जानकारी प्राप्त छ । शीर्षकले नै फिल्म सामाजिक विषयमा बन्न लागेको संकेत गर्छ ।

निर्माता न्यौपाने यस वर्ष अभिनेता अनमोल केसीलाई लिएर फिल्म 'जेरी अन टप' निर्माणको तयारीमा समेत छन् । उनले आगामी वर्ष दीपकराज गिरी समुहसँग मिलेर एउटा कमेडी फिल्म पनि बनाउँदैछन् ।

# 'परदेशी २'कै लागि अरु फिल्म नकारेका प्रकाश



काठमाडौं/गायनमा राम्रो 'नेम र फ्रेम' बनाएका कयैन् चर्चित अनुहार नेपाली फिल्मको हिरो बनिसकेका छन् । अब यो भीडमा गायक प्रकाश सपूत थपिएका छन् । असोज २६ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २'बाट उनले अभिनेताको रुपमा डेब्यू गरेका छन् । अभिनयमा अगाडि बढ्नका लागि उनलाई यो फिल्मको व्यावसायिक सफलता र अभिनयको प्रशंसा दुवै अनिवार्य रहनेछ ।

'गलबन्दी', 'बोल माया', 'पीर', 'सकम्बरी' जस्ता गीतबाट 'स्टार गायक' कहलिएका उनलाई 'परदेशी २' प्रदर्शन नहुँदै धेरै फिलमबाट प्रस्ताव आइसकेका छन् । केही फिल्म निर्माण भएर प्रदर्शन समेत भैसकेका छन् । उनी भने ४ वर्षदेखि 'परदेशी २'को नाम मात्र जपेर बसेका छन् । यो फिल्मसँग आफ्नो बेग्लै 'अट्याच्मेन्ट' रहेकाले अरु फिल्मको प्रस्ताव स्वीकार गर्न नसकेको उनी बताउँछन् ।

उनी भन्छन्, 'संगीत करिअरमा मैले दर्शक/स्रोताबाट एकखालको माया पाएको छु । र, अभिनयमा पनि रुचि भएकाले गएको ४/५ वर्षमा मलाई केही फिल्म अफर आएका थिए । केही फिल्म बनेर प्रदर्शनमा पनि भैसके । कति चले, कति फ्लप भए । तर, मलाई 'परदेशी २' नै मेरो पहिलो फिल्म बनोस् भन्ने थियो । यसैले यही फिल्म पर्खेर बसिरहेको थिएँ । योसँग मेरो बेग्लै 'अट्याच्मेन्ट' छ ।'

गायकबाट हिरो बनेका प्राय:ले अभिनयलाई निरन्तरता दिन सकिरहेका छैनन् । अझ भनौं, सफल हुन सकेका छैनन् । प्रकाश पनि अभिनयलाई निरन्तरता दिनेबारे दोधार देखिए । उनले भने, 'मैले फिल्ममा निरन्तरता दिनेबारे चाहिँ सोचेको छैन । 'परदेशी २' मेरो पहिलो फिल्म हो, अहिले यसैमा 'इन्जोय' गरौं भन्ने हिसाबले सोचिरहेको छु ।' गायन र अभिनय दुवै फरक हुने उनको अनुभव छ ।

फिल्मको कथा आफ्नै वरिपरि घुमेकाले व्यावसायिक दबाबको महसुस भने उनले गरेका छन् । तर, आफ्नो पहिलो फिल्म भएकाले छुट पनि छ भन्ने उनलाई लाग्छ । 'फिल्मको मुख्य पात्र भएकाले व्यावसायिक दबाब हुँदो र हेछ । किनकि, फिल्मको कथा नै मेरो वरिपरि घुमेको छ । तर, मलाई के छुट छ भने यो मेरो पहिलो फिल्म हो । यद्यपि, जिम्मेवारी महसुस चाहिँ गरेको छु,' उनले भने ।

# सरकारले मरीच आयात रोक्दा बन्द हुने अवस्थामा उद्योगहरु

काठमाडौं/औद्योगिक प्रयोजनका लागि मरीच आयात गर्नदिने कार्यविधि सरकारले तीन महिनासम्म स्वीकृत नगर्दा उद्योगहरु बन्द हुने अवस्थामा पुगेका छन् ।

यी वस्तुको अनियन्त्रित आयात भएको भन्दै सरकारले २०७८ फागुनमा पहिलेपटक मरिच, केराउ, सुपारीलगायत वस्तु उद्योग विभागको सिफारिसमा मात्रै आयात गर्न दिने कार्यविधि जारी गरेको थियो ।

कार्यविधिअनुसार कच्चा पदार्थका रुपमा यी वस्तु आयात गर्ने उद्योगले आफ्नो वार्षिक आवश्यकताका आधारमा माग गरेपछि उद्योग विभागको सिफारिसमा वाणिज्य विभागले मरिच आयातको अनुमति उद्योगहरुलाई जारी गर्दथ्यो ।

हरेक वर्ष नयाँ कार्यविधि जारी गरेपछि मात्रै मरिचलगायतका वस्तुको आयात अनुमतिको व्यवस्था कार्यान्वयनमा आउने उद्योग विभागले जनाएको छ । तर, यो आर्थिक वर्ष सुरु भएको तीन महिना बितिसक्दा पनि कार्यविधि स्वीकृत हुन नसक्दा मरिच आयातको अनुमति दिन नसकिएको उद्योग विभागका महानिर्देशक बाबुराम गौतमले बताए ।

'पुरानो कार्यविधि सो आर्थिक वर्षका लागि मात्रै भएकाले नयाँ कार्यविधि जारी नहुँदासम्म आयात अनुमति दिन नसकिने अवस्था रहेको छ,' महानिर्देशक गौतमले भने, 'मन्त्रिपरिषद्‌बाट कार्यविधि जारी भएपछि मात्रै औद्योगिक प्रयोजनामा मरिच ल्याउन पाइन्छ ।' त्यही कारण नयाँ आर्थिक वर्ष सुरु भएसँगै औद्योगिक प्रयोजनका लागि मरिचको आयात प्रभावित भएको उनले बताए ।

सरकारले नयाँ कार्यविधि जारी नगर्दा औद्योगिक कच्चा पदार्थको रुपमा मरिच आयात गर्ने करिब एक दर्जन ठूला उद्योग प्रभावित भएको उद्योगीहरुले बताएका छन् । धेरै मरिच खपत गर्ने डाबर नेपाल, चौधरी ग्रुप, सेञ्चुरी, यशोधा फुड्सलगायतले मरिचको अभाव झेलिरहेको एक उद्योगीले बताए । नेपाली उद्योगलाई जानाजान समस्या ल्याउने गरी सरकारले कार्यविधि अड्काएको उद्योगीहरूको आरोप छ ।

**मन्त्रिपरिषद्‌रुमा अड्कियो कार्यविधि**

सामान्यत: नयाँ आर्थिक वर्ष सुरु हुनेबित्तिकै मरिचलगायतका औद्योगिक कच्चा पदार्थ आयातको सहजीकरणका लागि उद्योग मन्त्रालयले काम गर्नु पर्ने थियो । तर, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुर यस विषयमा आफूलाई जानकारी नै नभएको बताउँछन् ।

'औद्योगिक प्रयोजनका लागि मरिच लगायतका कच्चा पदार्थ आयातको कार्यविधिबारे मलाई कुनै जानकारी छैन,' सहसचिव ठाकुरले भने । उद्योग मन्त्रालयले असोजको पहिलो साता प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यविधि स्वीकृतिका लागि पठाएको कार्यालय स्रोतले जनाएको छ । 'औद्योगिक कच्चा पदार्थ आयातसम्बन्धी कार्यविधि मन्त्रिपरिषद्मा आएको छ,' स्रोतले भन्यो 'तर, किन स्वीकृत भएन जानकारी छैन ।'

# तेलमा स्थानीय जनप्रतिनिधिको झेल

काठमाडौं/ज्वालामुखी गाउँपालिका, धादिङले आर्थिक वर्ष २०७९/८० मा इन्धनमा मात्र ६७ लाख ७४ हजार ७४७ रुपैयाँ खर्चियो । आर्थिक वर्षमा २०७८/७९ मा यस्तो खर्च ४८ लाख ८७ हजार थियो, अर्को वर्ष २० लाख रुपैयाँ बढी खर्चिएपछि इन्धन खर्चमाथि प्रश्न उठेको छ ।

अध्यक्ष यमनाथ दनै र उपाध्यक्ष धर्मबहादुर अर्याल चढ्ने दुई वटा गाडीमा १६ लाख ३२ हजार रुपैयाँको तेल हालेको हिसाब गाउँपालिकामा सार्वजनिक भएको छ । ३२ वटा मोटरसाइकलका लागि इन्धनमा २२ लाख ८९ हजार खर्च गरेको छ ।

गाउँपालिकाका प्रवक्ता राजु लोप्पाका अनुसार ७ जना वडाध्यक्षका साथै शाखा प्रमुख, वडा सचिव र कर्मचारीलाई मोटरसाइकल दिइएको छ । गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी अनुगमनमा जाँदाको इन्धन खर्च छुट्टै छ । यसका लागि मात्र ६ लाख ६० हजार बराबरको इन्धन खर्च भएको गाउँपालिकाले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । चार मुख्य र विभिन्न शाखा सडकमा नाला बनाउने, बाटो सफा गर्ने काममा प्रयोग भएको डोजरमा तेल हाल्न २१ लाख ९२ हजार रुपैयाँ खर्च भएको गाउँपालिकाले जनाएको छ ।

**ज्वालामुखी गाउँपालिकाले गरेको इन्धन खर्च**

१ करोड १५ लाख हार ाहारी आन्तरिक राजस्व उठाएका गाउँपालिकाले कानुनत: इन्धनमा मात्र ६७ लाख ७४ हजारभन्दा बढी खर्चिएको छ, जसको ठूलो हिस्सा कानुन विपरित छ । किनकि बागमती प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा इन्धन सुविधा नै छैन । ऐनले स्थानीय जनप्रतिनिधिलाई मासिक सुविधा (तलब), सञ्चार, दैनिक भ्रमण, बीमा मात्र दिने कल्पना गरेको छ ।

गण्डकी, लुम्बिनी लगायत प्रदेशले पालिका प्रमुख र उपप्रमुखलाई मासिक रूपमा निश्चित लिटर इन्धन सुविधा तोकेका छन् । तर स्थानीय जनप्रतिनिधिले कार्यपालिकाबाटै निर्णय गराएर लाखौं रुपैयाँ इन्धनमा खर्चिने गरेका छन् ।

गोरखा नगरपालिका, गोरखाका मेयर र उपमेयरले आव २०७९/८० मा तोकिएको सीमाभन्दा चार गुणा बढी इन्धन खर्चिएका छन् । गण्डकी प्रदेशका 'गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधा ऐन २०७६' को दफा ३ मा नगर प्रमुख र उपप्रमुखले मासिक ९० लिटर इन्धन प्रयोग गर्न पाउने व्यवस्था छ । अर्थात् वार्षिक १ हजार ८० लिटर हुन्छ ।

तर गत आर्थिक वर्षमा नगर प्रमुख चढ्ने बा १ झ २९० नम्बरको गाडीमा मात्रै ४ हजार २६८ लिटर (६ लाखभन्दा बढीको) डिजल प्रयोग भएको छ । उपप्रमुख चढ्ने बा २ झ १६९८ नम्बरको गाडीमा ४ हजार १६७ लिटर (६ लाख बढी मूल्य बराबरको) डिजल खर्च गरिएको छ । कानुन विपरीत इन्धन खपत हुँदा नगरपालिकाको एकै वर्षमा तेलमा मात्रै ७७ लाख ६३ हजार रकम सकिएको छ ।

मधेशका पालिकाहरूमा पनि उस्तै हालत छ । तिरहुत गाउँपालिका, सप्तरीले आर्थिक वर्ष २०७८/७९ मा नियम मिचेरै २९ लाखभन्दा बढी इन्धनमा खर्च गरेको थियो ।

पालिकाले त्यो आवमा इन्धनमा मात्र ४१ लाख ८५ हजार ६०० रुपैयाँ खर्चिएको छ । यसमध्ये ४ लाख २३ हजार २२९ रुपैयाँ मधेश प्रदेशका स्थानीय तह पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन विपरीत भएको महालेखा परीक्षकको कार्यालयले आफ्नो ६०औं प्रतिवेदनमा औंल्याएको छ ।

कार्यालय प्रयोजनका लागि इन्धन शीर्षकमा समेत २५ लाख ७ हजार ३६५ रुपैयाँ बढी खर्च गरेको महालेखाको ठहर छ । 'इन्धन खर्चमा नियन्त्रण गरी मापदण्ड भित्र रहेर इन्धन खर्च गर्नेतर्फ जोड दिनुपर्छ', प्रतिवेदनमा भनिएको छ ।

पर्साको वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०७८/७९ मा एक करोड ९४ लाख ९३ हजार ९५२ रुपैयाँ इन्धन खर्च गरेको थियो । पदाधिकारीका लागि मात्रै महानगरले ४१ लाख ९७ हजार ४८ खर्च गर्दा १ करोड ५२ लाख ९६ हजार ३०४ रुपैयाँ कार्यालय इन्धन प्रयोजनमा खर्च भएको थियो । महालेखाले पदाधिकारीको इन्धन सुविधाबापत खर्च भएको २० लाख ७३ हजार ६७२ रुपैयाँ नियमित गर्न भनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'माता' भन्दै जब भारतीयहरुले स्वस्तिमालाई पैसा चढाए

काठमाडौं/'बुलबुल' होस् या 'चिसो मान्छे', जसमा अभिनेत्री स्वस्तिमा खड्काले निर्वाह गरेको चरित्रमा ठूलो विविधता भेटिन्छ । र, उनले चरित्र निर्माणमा गरेको मिहिनेत देखिन्छ । यसैले त उनले 'भर्सटायल अभिनेत्री'को पहिचान बनाएकी छन् । जुनसुकै चरित्रमा चुनौती लिन सक्ने उनी एकपटक फेरि फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'मा भिन्न चरित्रमा देखिँदैछिन् । यसमा उनी दुर्गा माता बनेकी छन् ।

संयोग चाहिँ के जुरेको छ भने यो फिल्म दशैं अर्थात् फूलपाती (कात्तिक ४ गते)बाट प्रदर्शनमा आउँदैछ । दशैंमा दुर्गा माताकै पूजा गरिन्छ । र, फिल्ममा स्वस्तिमा दुर्गा बनेकी छन् । उनी आफ्नो लागि यो रोचक अनुभूति मान्छिन् । छायांकनको बेला पशुपतिनाथ दर्शन गर्न आएका धेरै भारतीयहरुले 'माता' भन्दै उनको खुट्टामा पैसा समेत चढाएका थिए । जुन उनका लागि नयाँ अनुभव थियो ।

सोमबार ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भनिन्, 'दशैंमा म दुर्गा बनेर आउँदै रहेछु । मेरो लागि यो आफैंमा सुखद् अनुभूति हो । र, यो चरित्र गर्नु मेरो लागि नयाँ अनुभव थियो । छायांकनको बेला जब म दुर्गाको गेटअपमा हुन्थेँ, त्यसबेला पशुपतिनाथको दर्शन गर्न आउने भारतीयहरुले 'माता' भन्दै खुट्टा ढोग्न आउनुहुन्थ्यो । र, पैसा चढाउनुहुन्थ्यो । मेरो लागि यो



एकदमै नयाँ अनुभव थियो ।'

अभिनेत्रीका लागि भनेर 'एक्सपेरिमेन्ट' खालको रोल कम लेखिने उनको बुझाई छ । उनी भन्छिन्, 'विशेषगरी हामी अभिनेत्रीहरुका लागि 'एक्सपेरिमेन्ट' गरेर वा फरक आयामबाट एकदमै कम रोलहरु लेखिन्छ । मलाई के लाग्छ भने कलाकारभन्दा पनि लेखनमा 'भर्सटालिटी' हुनुपर्छ ।' आफूले 'एक्सपेरिमेन्ट'वाला रोल दीपेन्द्र के. खनाल (निर्देशक)सँग गर्न पाएकोमा उनी खुसी व्यक्त गर्छिन् ।

'मैले एक्सपेरिमेन्ट खालको रोल निर्देशकमा दीपेन्द्र दाईसँग गरेको छु । 'भष्मे डन'मा मैले दुर्गा माताको क्यारेक्टर निर्वाह गरेको छु । यो क्यारेक्टर मेरो लागि चुनौतीपूर्ण नै थियो । फिल्म हेरिसकेपछि कति न्याय गरेछु भन्ने निर्कौल होला । तर, मैले यो क्यारेक्टरमा जति गर्न सकेँ, त्यसको क्रेडिट निर्देशकलाई जान्छ,' उनले भनिन् । उनी यो फिल्म आफ्नो लागि एकदमै विशेष रहेको बताउँछिन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# इन्द्रसरोवर जलासय भरिन ९ मिटर बाँकी



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ कुलेखानी जलविद्युत् आयोजनाको जलाशय इन्द्रसरोवरमा गत वर्षको तुलनामा यो वर्ष कम पानी संकलन भएको छ । नेपालबाट वर्षाको मौसम बाहिरिएको र पानी पर्ने क्रम घट्दा जलाशयमा गत वर्षभन्दा कम पानी संकलन भएको हो ।

गत वर्षको तुलनामा यो वर्ष जलाशयमा यही अवधिमा पानीको सतह घटेको हो । नेपालको जलाशययुक्त यस आयोजनालाई जलविद्युतको महत्वपूर्ण ब्याकअपका रुपमा समेत मानिन्छ । सोमबार सम्मको जलाशयमा समुद्री सतहबाट एक हजार ५२१ मिटर पानी पुगेको छ । एक वर्षअघि असोज २२ गते दिउँसो आयोजनाको जलाशयको सतह समुद्री सतहबाट एक हजार ५२३.१४ मिटर मापन गरिएको कुलेखानी जलविद्युत् आयोजनाले जनाएको छ । गत वर्ष असोज ३१ गते जलाशयमा समुद्री सतहबाट एक हजार ५२८.८४ मिटर मापन गरिएको थियो ।

जलाशयमा इन्द्रसरोवर गाउँपालिकासँगै थाहा नगरपालिका क्षेत्रमा रहेका खोलाहरुबाट आउने पानी संकलन हुँदै आएको छ । त्यस क्षेत्रमा विगतका वर्षको अनुपातमा कम वर्षा भएका कारण पनि आयोजनाको जलाशयमा पानी संकलन कम भएको हो । कुलेखानी जलविद्युत् आयोजना प्रथमका प्रमुख तारादत्त भट्टले गत वर्षको तुलनामा यो वर्ष आयोजनाको जलाधार क्षेत्रमा कम पानी परेका कारण पानी संकलनको दरसमेत कम भएको जानकारी दिए ।

उनले जलाशयको पानी प्रयोग गरी वर्षाको समयमा विद्युत् उत्पादन भएकाले पानी कम संकलन भएको बताए । 'नेपाल विद्युत प्राधिकरणले अहिले भारतमा विद्युत् बिक्री गरिरहेको छ, त्यसमा कुलेखानीका तीनवटै आयोजनाबाट उत्पादित विद्युतसमेत पर्छ,' उनले भने, 'महँगो मूल्य पाउँदा विद्युत् बिक्री गर्ने भएकाले कुलेखानी आयोजना सञ्चालन हुँदा जलाशयको पानी खपत हुन्छ ।'

उनका अनुसार पछिल्ला दुई दिन आयोजनाबाट कम परिणाममा विद्युत् उत्पादन भएको छ । पछिल्लो दुईदिन ३० देखि ४० मेगा/आवर विद्युत् उत्पादन भएको छ । उनले विद्युत् अधिक माग भएको समय तथा भोल्टेज कम र बढी हुँदा विद्युत् वितरण प्रणालीलाई व्यवस्थित गर्नसमेत जलाशयको पानी उपयोग गरी कुलेखानी जलविद्युत् आयोजना सञ्चालन गर्ने गरिएको बताए ।

जलाशयको सतह समुद्री सतहबाट एक हजार ५३० मिटर पुग्दा जलाशय भरिन्छ । गत वर्ष कात्तिकको मध्यमा पुग्दा जलाशयको सतह समुद्री सतहबाट एक हजार ५२८.८४ मिटर पुगेको थियो । जलाशयको पानीको सतह बढेर जलाशय भरिएर निस्कने पानी कुलेखानी खोला हुँदै बागमती नदीमा मिसिने गरेको छ । कुलेखानी जलविद्युत् आयोजनाको पहिलोबाट ६० मेगावाट, दोस्रोबाट ३२ मेगावाट र तेस्रो जलविद्युत् केन्द्रको १४ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ ।

# पशुपतिनाथ माविले बिहीबार साइकल बितरण गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविले आगामी असोज २५ गते बिहीबार विद्यालयका विद्यार्थीहरुलाई साइकल वितरण गर्ने भएको छ ।

वडा दशैं, शुभदीपावली तथा छठ पर्वको अवसरमा एक मिहना विद्यालय बिदा हुने भएकोले बिदा अगाबै साइकल बितरण गर्ने तयारी गरिएको विद्यालयले जनाएको छ । साइकल चलाउन नजान्ने विद्यार्थीले चलाउन सिक्ने समय पनि एक महिना भन्दा बढी पाउने छन् ।

बिहीबार सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा साइकल बितरण गर्ने तयारी भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधब गौतमले जानकारी दिएका छन् । मनहरी गाउँपालिका, ४ नं. वडा कार्यालयको गत आवको कार्यक्रमबाट १० लाख रुपैयाँ बिनियोजन गरी एक सय १५ थान साइकल खरिद गरिएको वडाअध्यक्ष प्रकाश थापाले बताए ।

विद्यालयमा अध्ययन गर्न एक घण्टा भन्दा बढी समउ पैदलयात्रा गर्नुपर्ने कक्षा ६ देखि १० सम्मका एकसय १५ जनाले साइकल पाउदैछन् । विद्यालयले बस संचालन गर्ने तयारी गरेपनि बस संचालन गर्ने स्रोत सुनिश्चित हुन नसकेपछि साइकल बितरण गर्ने तयारी थालेको विब्यस अध्यक्ष गौतमले बताए । विद्यालयले साइकल बितरणसम्बन्धी कार्यबिधि बनाएर विब्यस बैठकबाट पारित गरेको बताइएको छ ।

# जेसीज कप सुरु: सिमपानी र हाँडीखोला विजयी

साझाकुरा संवाददाता



हेटौंडा, २३ असोज/ चैनपुर जेसीज (प्रस्तावित) को आयोजनामा मंगलबारबाट मनहरी गाउँपालिकामा सुरु भएको जेसीज कप फुटबल प्रतियोगितामा सिमपानी एफसी र हाँडीखोला यूथ क्लब विजयी भएको छ ।

उद्घाटन खेलमा सिमपानीले मनहरी-४ फुटबल टिमलाई २-० ले हरायो । सिमपानीका लागि दुवै गोल राहुल थापा मगरले गरे । उनी नै खेलको म्यान अफ द म्याच घोषित भए । दोस्रो खेलमा हाँडीखोलाले खरंगा एफसीलाई १-० ले हरायो । पहिलो हाफको अतिरिक्त समयमा विशाल प्रजाले गरेको गोल नै निर्णायक बन्यो । खेलको म्यान अफ द म्याच अभिषेक राई भए । कात्तिक १ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा मकवानपुरका १६ टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेताले ५० हजार ५ सय ५५ रुपैयाँ र उपविजेताले २५ हजार ५ सय २५ रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । विधागत उत्कृष्ट खेलाडीलाई पनि नगदसहित ट्रफीको व्यवस्था रहेको छ । प्रतियोगिताको उद्घाटन मनहरी गाउँपालिकाका कार्यबाहक अध्यक्ष शिवप्रसाद खनालले गरेका हुन् । उनले मकवानपुरको पश्चिमी क्षेत्रमा क्रियाशील जेसीजसँग सहकार्यका लागि मनहरी गाउँपालिका तयार रहेको बताए ।

चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षता एवम् कार्यक्रम संयोजक प्रमोद अधिकारीको संयोजकत्वमा भएको उद्घाटन समारोहमा मनहरी गाउँपालिका-५ नम्बर वडाअध्यक्ष दीपेन्द्र अधिकारी, नेकपा एमाले मनहरी गाउँ कमिटी अध्यक्ष नविन सुवेदी, जेसीआई हेटौंडाका अध्यक्ष श्रवणकुमार बर्तौला, चैनपुर जेसीजका श्रीकृष्ण ढकाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

जारी प्रतियोगितामा बुधबार बागमती प्रदेश प्रहरी गण हेटौंडा र रियल स्टार युवा क्लवको बीचमा खेल हुनेछ । चैनपुर जेसीजले मकवानपुरको पश्चिमी क्षेत्रका युवालाई समेट्दै युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्यलाई निरन्तरता दिँदै जाने अध्यक्ष अधिकारीले प्रतिबद्धता जनाए ।

कार्यक्रममा मनहरी-७ नम्बर वडाअध्यक्ष ठाकुरराम तितुङ, ३ नम्बरका कार्यबाहक अध्यक्ष हीराबहादुर प्रजा, ४ नम्बर वडाअध्यक्ष प्रकाश थापा, कांग्रेस जिल्ला सदस्य नुरज पौडेल, मनहरी सभापति प्रकाश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका क्षेत्रीय सभापति सञ्जीव पाठक, कांग्रेस मनहरी-८ का वडासभापति भीमसेन लामा, बसामाडी जेसीजका अध्यक्ष जनक भण्डारी, हेटौंडा लेडी जेसीजका अध्यक्ष दिलु घर्ती, मकवानपुरगढी प्रस्तावितका अध्यक्ष पुष्पराज पुडासैनी लगायतको आतिथ्यता थियो ।

# रोटरीद्वारा मानव सेवा आश्रमलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मानसिक स्वास्थ्य दिवसको अवसरमा मानवसेवा आश्रम मुख्य कार्यालय हेटौंडालाई रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ ले आर्थिक सहयोग गरेको छ ।

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर राजेन्द्र धोजुको विशेष उपस्थितमा मानवसेवा आश्रमलाई नगद एक लाख एघार हजार १ सय ११ प्रदान गरिएको हो । कार्यक्रममा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का एजी राजभाइ सुवाल र उनको श्रीमती कमला महर्जन सुवाल, जिल्ला सचिव दिनेशराज महर्जन, देव सुवेदी, हेटौंडा अध्यक्ष स्वागतराज प्याकुरेल, मकवानपुर अध्यक्ष अन्जन पराजुलीलगायतको उपस्थिति रहेको थियो ।

आश्रममा हाल २ सय २० जना लक्ष्मीनारायण, बालगोपालहरुले आश्रमका सेवा लिइरहेका छन् । मानवसेवा आश्रम २०८२ सालभित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्य सहित २०६९ सालदेखि नै देशव्यापीरुपमा सडकपेटी र सार्वजनिक स्थलमा कष्टपूर्ण जीवन बिताउन विवश अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरुपमा अति कमजोर मानवहरुको उद्दार, उपचार, पालनपोषण एवं पारिवारीक पुनर्मिलनको सेवामा समर्पित हुँदै आइरहेको छ ।

हाल देशभर १९ जिल्लामा २४ ओटा सेवाकेन्द्र सञ्चालनमा रहेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवहरुको उद्दार गर्दै आइरहेको छ ।

# मापदण्ड भित्र रहेर व्यवसाय गर्न संघको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुर उद्योग वाणिज्य संघमा विभिन्न बस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिको सहभागितामा बजार अनुगमनसम्बन्धी छलफल भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा छलफल कार्यक्रम भएको हो । नजिकिंदै गएको वडा दशैं तथा अन्य चाडपर्वलाई लक्षित गरी विभिन्न सरकारी निकायबाट बजार अनुगमनलाई तिब्रता दिइएको सन्दर्भमा केन्द्रित रहेर छलफल गरिएको हो ।

मउवासंघका अध्यक्ष गुप्ताले व्यवसायीले कम्तिमा पनि खरिद बिल र बिक्री बिल, दर्ता प्रमाणपत्र, मूल्यसूची राखी म्याद गुज्रेका सामान बिक्रीवितरण नगर्न व्यवासायीहरु सचेत रहनुपर्ने बताए ।

सबै बस्तुगत संघहरुबाट पनि आफ्ना सदस्यलाई सचेत गराउनु पर्ने उनको धारणा छ । सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन शाक्यले आफ्नो संघले सबै सुनचाँदी व्यवसायीलाई अनुगमनको क्रममा पेश गर्नुपर्ने विवरणहरु राख्न लगाउने कार्यको लागि नियमित सचेत गराउने गरेको जानकारी दिए । अण्डर बिलिङको विषयमा व्यवसायीहरुले आफ्नो धारणा राखेका थिए । अण्डर बिलिङ समस्या समाधानको लागि राज्यबाट नै भन्सार र उत्पादन बिन्दुमा नियन्त्रण कायम गरेमा समस्या हल हुने निष्कर्ष निकालिएको थियो ।

भारतीय सीमा नजिकका बजारहरुमा भन्सार छली गरिने व्यापारसँग भन्सार तिरेर व्यापार गर्ने हेटौंडाका व्यवसायीलाई प्रतिष्पर्धा गर्न समस्या भएकाले बिक्रीमा कमी भएकोसमेत छलफल भएको थियो ।

तथापि हेटौंडा बजारमा चाडपर्वको मुखमा पनि कतिपय खाद्यबस्तुको मूल्य तुलनात्मक रुपमा सुपथ भएको बताइएको छ । व्यवसायीले आफूले बिक्री वितरण गर्दा नियमित रुपमा पालना गर्नुपर्ने प्रावधान पालनागरेमा अनुगमन गर्दा कारवाहीको भागिदार हुन नपर्ने धारणा सहभागीले राखेका थिए ।

छलफल कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, महासचिव दीपक उप्रेती, बस्तुगत समन्वय समितिका सहसंयोजकद्वय प्रदीप अर्याल, तेजराज अधिकारी, उपभोक्ता मञ्च मक्वानपुरका अध्यक्ष सुनिल अधिकारी लगायतले मन्तव्य राखेका थिए ।

# तीन विद्यालय क्वाटरफाइनल प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ अण्डर-१६ विद्यालयस्तरीय फुटबल प्रतियोगितामा बस्तिपुरको निर्मल माध्यमिक विद्यालय, पदमपोखरीको महेन्द्र माध्यमिक विद्यालय, चौघडाको वंशगोपाल माध्यमिक विद्यालय र पिप्लेको बालज्योति माध्यमिक विद्यालय क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

मंगलबार भएको पहिलो खेलमा निर्मल मावि विजयी भई क्वाटरफाइनलको स्थान सुरक्षित गरेको हो । निर्मलले देवकी मावि फापरबारीलाई सडनडेथमा ५-४ को गोल अन्तरले पराजित गरेको हो ।

यसैगरी मंगलबार भएको दोस्रो खेलमा महेन्द्र मावि विजयी भएको छ । महेन्द्रले भुटनदेबी माध्यमिक विद्यालयलाई ३-० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्न सफल भयो । मंगलबार भएको तेस्रो खेलमा चौघडाको वशगोपाल माध्यमिक विद्यालय विजयी भएको हो ।

वंशगोपालले माउन्ट एभरेष्ट विद्यालयलाई ३-० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनल प्रवेश गऱ्यो । त्यसैगरी मंगलबार भएको अन्तिम खेलमा बालज्योति माध्यमिक विद्यालय विजयी भयो । बालज्योतिले सिद्धार्थ शिशुसदन विद्यालयलाई ४-० को गोल अन्तरले पराजित गर्न सफल भयो ।

प्रतियोगितामा मकवानपुर जिल्लाका २९ वटा विद्यालयले सहभागिता जनाएको छ । प्रतियोगिताको विजेताले नगद ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरुले समेत पुरस्कार प्राप्त गर्नेछन् ।

# हेटौंडा-धरान-चतरा सडक खण्डमा बन्यो १०८ पुल



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ हेटौंडा-धरान-चतरा सडक खण्डमा १ सय ८ वटा पुल निर्माण भएका छन् । धेरै स्थानमा सडक निर्माणको काम पनि भइसकेको छ । सडक र पुल निर्माणको काम साथसाथै लगिएको आयोजनाले जनाएको छ ।

पूर्व-पश्चिम जोड्ने देशको चौथो राजमार्गका रुपमा रहेको मदन भण्डारी राजमार्ग आयोजनाअन्तर्गत एक सय आठ पुल निर्माण गरिएको हो । एकसय ८५ पुल निर्माण गर्नुपर्नेमा आधाभन्दा धेरै पुल निर्माण भएर सञ्चालनमा आएको आयोजनाको निर्देशनालयले जनाएको छ ।

हाल निर्माणको क्रममा ४५ पुल रहेको निर्देशनालयका सूचना अधिकारी (इन्जिनियर) शिव तिमल्सिनाले जानकारी दिए । सडक खण्डको कुनैपनि कार्य डिजाइन भएर ठेक्कामा जान बाँकी छैन । उनले भने, 'आयोजनाका सबै पुल डिजाइन बिल्डबाट निर्माण भइरहेको छ । डिजाइन भएका पुल सबै निर्माण भैसकेका छन ।', आयोजनाले निर्माण गर्न बाँकीमा एउटा ठुलो पुल कर्णालीमा रहेको छ । अधिकांश भने साना पुल रहेका थिए ।

आयोजनाको हालसम्मको प्रगतिमा पुल निर्माणको प्रगति सडकभन्दा बढी छ । समष्टिगत प्रगति ४५ प्रतिशत रहेकामा पुल निर्माणको प्रगति ५८ प्रतिशत छ । वार्षिक बजेट विनियोजन न्यून भएको र सडकसँगै पुल निर्माणका लागि समस्याका रुपमा रहेको सूचना अधिकारी तिमल्सिनाले बताए ।

हरेक वर्ष सुरुमा विनियोजनभन्दा दोब्बर-तेब्बर खर्च भइरहेको उनको भनाइ थियो । सूचना अधिकारी तिमल्सिनाले भने, 'खर्च बढी भइरहे पनि सुरु विनियोजन बढ्न सकेको छैन ।', टेण्डर आह्वान गर्न पनि सुरुमा अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितताका लागि सहमति लिनुपर्ने उनले बताए ।

त्यसैले जतिजति सुनिश्चितता भयो त्यति नै काम भइरहेको छ । बाँकी पुल निर्माणका लागि पनि यसै वर्ष नै टेण्डर आह्वान हुने स्थिति नदेखिएको योजनाले जनाएको छ । बजेट विनियोजन कम हुनु र थप बजेटका लागि पनि अहिले देशको आर्थिक अवस्थाका कारण ढुक्क हुने अवस्था देखिँदैन ।

गत आवमा दस पुल निर्माण गर्ने लक्ष्य लिइएकामा १४ पुल पूरा भएको थियो । दमकस्थित योजना कार्यालयले छ, हेटौंडास्थित कार्यालयले पाँच र गाईघाटस्थित कार्यालयले तीन पुल निर्माण गरेका थिए ।

# बसर्पाकबाट लागुऔषधसहित एक युवक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ प्रहरीले सोमबार राति हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट लागूऔषधसहित एक युवकलाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध नाईट्राभेट ३९ वटासहित एक युवकलाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पक्राउ पर्नेमा पर्साको बीरगंज महानगरपालिका-७ घर भएका ३२ वर्षीय रञ्जित चौरसिया रहेका छन् ।

शंकास्पद अवस्थामा पैदल हिँडिरहेका चौरसियालाई उनलाई चेकजाँच गर्दा गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# असोज अन्तिममा साइकल रन प्रतियोगिता गरिने



साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ बागमती प्रदेशको राजधानी हेटौंडामा यही असोज २७ गते शनिबार दोस्रो संस्करणको साइकल रन प्रतियोगिता हुने भएको छ ।

वडा दशैं, शुभदीपावली तथा छठ पर्वको अवसरमा हेटौंडा उपमहानगरपालिकाको आयोजना र मकवानपुर जिल्ला साईक्लिङ संघको समन्वयमा प्रतियोगिता हुने भएको हो । २५ किलोमिटरको दूरी पार गर्नुपर्ने प्रतियोगितामा १६ वर्ष पूरा भई ६० वर्ष उमेर समूहका नागरिकले सहभागिता जनाउन पाउने संघका अध्यक्ष संगीत श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार, प्रतियोगिता असोज २७ गते बिहान ७ बजे हेटौंडा-४ हुप्रचौरबाट सुरु हुनेछ । प्रतियोगितामा प्रथम हुनेले ५० हजार रुपैयाँ, द्वितीय हुनेले ३० हजार रुपैयाँ र तृतीय हुनेले २० हजार रुपैयाँ प्राप्त गर्नेछन् । साथै प्रोत्साहन पुरस्कारस्वरुप दुई जनालाई १०-१० हजार रुपैयाँ प्रदान गरिने संघका अध्यक्ष श्रेष्ठले बताए ।

## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**सम्पर्कको लागि**

महिला तथा बालबालिका विकास महाशाखा


सम्पर्क नं : ०५७-५९०१०३

अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।



- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।

डेंगु रोगको उपचार :

- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :



- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तैः खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना